अनुसुची - १६

(दफा ३३ को उप- दफा (२) सँग सम्वन्धित)

# रोहिणी सामुदायिक वन उपभोक्ता समूह

## देवदह नगरपालिका-१०, रूपन्देही

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

### तेस्रो पटक प्रकाशित मिति २०८२/03 /02

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. २०८०/०८१ मा कटान भई घाटगद्दीमा राखेको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ मोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय रूपन्देहीको च.नं. २३८२ मिति २०८२/०१/११ गतेको सहमती अनुसार लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा तेस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वोलपत्र खरिद गरी ८ औं दिनमा दिनको १२.०० वजे भित्र सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदावरको विवरणः- तपसिल

| वन पैदावारको | | | | | | | न्यूनतम मूल्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. | लट | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि.) | प्रति इकाई दर | जम्मा मुल्य | संकलन खर्च | |
| १ | | साल | गोलिया | A | ३ | ५६.९९ | १२५० | ७१,२३७.५ | ६,२६८.९ | |
| | | | | B | २० | १२३.१८ | ९०० | १,१०,८६२. | १३,५४९.८ | |
| | | | | C | ३२२ | ९१४.४ | ६०० | ५,४८,६४०. | १,००५८४. | |
| | | | | D | १६८ | २६८.४२ | ३०० | ८०,५२६. | २९,५२६.२ | |
| जम्मा | | | | | ५१३ | १,३६२.९९ | | ८,११,२६५.५ | १,४९,९२८.९ | |

थप जानकारीको लागी

श्री राहिणी सामुद्यायिक वन उपभोक्ता समुह देवद्ह १०, भलुही, रुपन्देहीको अफिसमा सुचना टाँस गरिएको छ । सम्पर्क नं- ९८६७३३५४१४/९८४७०७२९३०

१। वोलपत्र दाखिला मिति गर्नुपर्ने अन्तिम र समय-

क) अन्तिम मिति २०८२/03/ 0९ ख) समयः दिनको १२:०० वजेसम्म

२। संकलन खर्च वापतको रकम सकार कर्ता स्वयंले व्यहोर्नु पर्ने छ ।

३। खरिद गरिएको बोलपत्र सिलबन्दी गरी आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको मिटिजन बैङ्क भलुही शाखामा रहेको खाता नं. ११३०१०००००३८५२०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समावेश गरी पेश गर्नु पर्नेछ ।

४। बोलपत्र फाराम रु.१०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय रूपन्देहीबाट खरीद गर्न सकिनेछ । वोलपत्र फाराम जुन निकायवाट खरिद गरिएको हो सोही निकायमा नै दर्ता गर्नु पर्ने छ ।

५। लिलाम वढावढ हुने वन पैदावर कार्यालय खुलेको समय भित्र यस सामुदायिक वनमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६। लिलाममा भाग लिने इच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेशगर्नु पर्नेछ ।

७। बोलपत्र खरिद गर्नु पर्ने अन्तिम दिन र दाखिला गर्नु पर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समयमा बिक्री तथा दर्ता कार्य हुनेछ ।

८। निर्धारित न्यूनतम संख्याका र रितपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०३/०८ गते दिनको ३:०० बजे (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समयमा) बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थित वा अनुपस्थितमा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस सामुदायिक वनको भवनमा खोलिने छ तर बोलपत्र खोल्नु पूर्व बिक्रीको लागी पठाइएको बोलपत्र बिक्री भए नभएको एकिन गरिने छ ।

९। लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, निर्धारित मूल्य अभिवृद्धि कर तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाइ लैजानु पर्नेछ ।

१०। बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

११। बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहने छ ।